
# स्थानीय स्तरमा
# गुणस्तरीय शिक्षा

## संक्षिप्त प्रतिवेदन



SAMRIDDHI FOUNDATION

सुजन रेग्मी
*(अनुसन्धानकर्ता, समृद्धि फाउण्डेशन)*
द्वारा संग्रहित

## सारांश

» नेपालको संविधानको धारा ३१ ले प्रत्येक नागरिकका लागि शिक्षाको हक सुनिश्चित गर्दै आधारभूत तहसम्मको शिक्षा अनिवार्य र (राज्यको तर्फबाट) निःशुल्क र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने व्यवस्था गरेको छ।

» संविधानले आधारभूत र माध्यमिक शिक्षाको सम्पूर्ण अधिकार स्थानीय तहलाई सुम्पेको छ। जनप्रतिनिधिहरूले आ-आफ्नो सरकारको जिम्मेवारी सम्हालिरहेको अवस्थामा अब सार्वजनिक शिक्षाको सम्पूर्ण जिम्मेवारी पनि स्थानीय तहकै हो।

» समग्रमा शिक्षाका प्रमुख उद्धेश्यहरु भनेको विद्यार्थीलाई उच्च शिक्षाका लागी तयार गर्ने, अवसरको पहुँच प्रदान गर्ने, बजारको आवश्यकता अनुसारको प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने र सामाजिक लाभ सुनिश्चित गर्ने हो। यद्यपि नेपालमा सार्वजनिक शिक्षाले उल्लेखित विषयमा आशातीत उपलब्धि हासिल गर्न सकिरहेको छैन।

» गुणस्तरीय शिक्षाको प्रमुख मापक भनेकै बजारको माग बमोजिम दक्ष जनशक्तिले पर्याप्त अवसर पाउनु हो। औपचारिक शिक्षाको सुधार, गुणस्तर वृद्धि, नीतिगत तथा रणनीतिक सुधारका लागि भन्दै नेपाल सरकारले विभिन्न दात्री निकायहरुसँग मिलेर कैयौं कार्यक्रम ल्यायो र निकै रकम खर्च पनि गर्यो, तर नतिजा भने प्रस्ट रुपमा देखिन सकेको छैन।

» शिक्षाका लागि सरकारले हरेक वर्ष बजेटको ठूलो हिस्सा लगानी गर्दै आइरहेको छ। सरकारले लगानी गरेको शैक्षिक बजेटको पछिल्लो १० वर्षको तथ्याङ्क हेर्ने हो भने प्रमुख हिस्सा नै शिक्षा क्षेत्र हुन आउँछ।

» सरकारले सबैभन्दा बढी खर्च गर्ने क्षेत्र र कसैको निजी नभएर सम्पूर्ण नेपाली करदाताको लगानी हुने भएकाले पनि, हरेक वर्ष सार्वजनिक शिक्षामा हुने लगानीको गहन समीक्षा हुनु आवश्यक छ।

» हरेक वर्ष करदाताले तिरेको करको प्रमुख हिस्साका रूपमा सार्वजनिक शिक्षामा भएको खर्चको रकमसँगै बालबालिकाको विद्यालय उतिर्ण हुने नतिजा हेर्ने हो भने, बजेटको रकम बालुवामा पानी खन्याएसरि भइरहेको छ।

» निःशुल्क भनिने सार्वजनिक शिक्षा र महँगो भनिने निजी विद्यालयहरुको वार्षिक प्रति विद्यार्थी खर्च हेर्ने हो भने खासै अन्तर देखिँदैन। फेरि सार्वजनिक र निजी विद्यालयहरूको पछिल्लो १० वर्षको माध्यमिक तहको नतिजा हेर्ने हो भने, निजी विद्यालयको प्रदर्शनी राम्रो देखिन्छ।

» सरकारी शिक्षकको तलब-भत्ता तथा सुविधामा शिक्षकको क्षमता तथा उपलब्धिले केही फरक नपार्ने हुनाले विद्यार्थी तथा विद्यालयप्रति उनीहरुको जवाफदेहिता कम हुन जान्छ भन्ने एकखाले विश्लेषण पाइन्छ।

» अधिकांश सामुदायिक विद्यालयको स्तरोन्नती हुँदा शिक्षक नियुक्तिको माग र आपूर्तिमा तालमेल नमिल्नु धेरै सामुदायिक विद्यालयको साझा समस्या रहने गरेको छ। शिक्षकहरूको पर्याप्त संख्याको अभावका कारण, जिल्ला शिक्षा कार्यालयले सामुदायिक विद्यालयहरूलाई सहयोग गर्न नसकिरहेको अवस्था पनि छ।

» शिक्षक र विद्यालयको दीर्घकालीन उद्देश्य नमिल्नुले विद्यार्थीको शिक्षामा समेत नकारात्मक प्रभाव गएको भेटिने गरेको छ ।

» विगतमा शिक्षकहरू आफ्नो पेशागत संगठनमा रहेर राजनैतिक रूपमा पनि सक्रिय रहेको तथा कुनै राजनीतिक पार्टीमा आवद्ध रहेर राजनैतिक क्रियाकलापमा संलग्न भएको पनि प्रसस्तै उदाहरण छन् । यस्ता कार्यहरूले शिक्षकहरुको ध्यान बालबालिकाको शिक्षामा भन्दा व्यक्तिगत लाभतर्फ भएको प्रस्ट हुन्छ ।

» विद्यार्थीले राम्रो नतिजा ल्याएको खण्डमा पुरस्कृत तथा प्रोत्साहन गर्ने तथा खराब नतिजा ल्याउँदा दण्ड सजाय हुने जस्तै व्यवस्था शिक्षकका लागि नभएको हुँदा बालबालिकाको शिक्षामा अभिभावक तथा शिक्षकको चासो कम भएको देखिन्छ ।

» निजी विद्यालयमा विद्यार्थीको सम्पूर्ण शुल्क अभिभावकहरूले आफै तिर्ने हुँदा बालबालिकाको शिक्षामा उनीहरूले बढी चासो लिने र अपनत्व महसुस गर्ने गरेको प्रष्टै देख्न सकिन्छ । तर सार्वजनिक शिक्षामा सरकारको लगानी भन्ने बुझेर अभिभावकले खासै महत्व नदिएका पनि हुन सक्छन् ।

» सामुदायिक विद्यालयहरूको शैक्षिक परिणाममा सुधार ल्याउन सार्वजनिक शिक्षा प्रणालीमा सुधार ल्याउने यो उर्वर समय हो । परिणामहरुमा सुधार गर्न सके शिक्षाको लागत घटाउन सकिन्छ । सार्वजनिक शिक्षामा संरचनागत परिवर्तन ल्याउनु आजको प्रमुख उदेश्य हुनु आवश्यक छ ।

## नेपालको संविधानमा शिक्षा

नेपालको संविधानको धारा ३१ले प्रत्येक नागरिकलाई शिक्षाको हक सुनिश्चित गर्दै आधारभूत तहसम्मको शिक्षा अनिवार्य र (राज्यको तर्फबाट) निःशुल्क र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने व्यवस्था गरेको छ । बालबालिकाको हक (धारा ३९) ले प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गिण विकासका साथै बाल विकास तथा बाल सहभागिताको हक पनि सुनिश्चित गरेको छ । धारा ५१ को राज्यका नीति अन्तर्गतका विकास सम्बन्धि नीति, नागरिकका आधारभूत आवश्यकता सम्बन्धि नीति तथा सामाजिक न्याय र समावेशीकरण सम्बन्धि नीतिहरुमा शिक्षालाई प्राथमिकतामा राखिएको छ । शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमुलक, रोजगारीमुलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने मूल नीति राज्यले लिएको छ ।

नेपालको संविधानले शिक्षाको अधिकार संघीय, प्रादेशीक र स्थानीय गरी तीन तहमा बाँडेको छ । आधारभूत र माध्यमिक शिक्षाको सम्पूर्ण अधिकार भने स्थानीय तहलाई सुम्पेको छ । जनप्रतिनिधिहरुले आ-आफ्नो सरकारको जिम्मेवारी सम्हालिरहेको अवस्थामा, अब सार्वजनिक शिक्षाको सम्पूर्ण जिम्मेवारी पनि स्थानीय तहकै हो । केन्द्रिकृत प्रणालीमा औपचारिक शिक्षाको गुणस्तर र नतिजा वृद्धि हुन नसकेकाले संघीय संरचनामा जनताको सबैभन्दा नजिक रहने स्थानीय सरकारले अझ राम्रो र प्रभावकारी ढंगले सेवा प्रदान तथा नियमन गर्न सक्छ भन्ने मान्यताका साथ शिक्षाको सम्पूर्ण अधिकार तल्लो तहको सरकारलाई हस्तान्तरण गरिएको हो ।

हरेक नेपालीलाई राजनैतिक, आर्थिक र सामजिक रूपमा सचेत बनाउन गुणस्तरीय शिक्षा आजका आवश्यकता हो । गुणस्तरीय शिक्षाको प्रमुख मापक भनेकै बजारको माग बमोजिम दक्ष जनशक्तिले पर्याप्त अवसर पाउनु हो ।

समग्रमा शिक्षाका प्रमुख उद्धेश्यहरू भनेको विद्यार्थीलाई उच्च शिक्षाका लागि तयार गर्ने, अवसरको पहुँच प्रदान गर्ने, बजारको आवश्कता अनुसारको प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने र सामाजिक लाभ सुनिश्चित गर्ने हो । यद्यपि नेपालमा सार्वजनिक शिक्षाले उल्लेखित विषयमा आशातीत उपलब्धि हासिल गर्न सकिरहेको छैन । यस्तो अवस्थामा सार्वजनिक शिक्षामा सुधारका लागि संरचनात्मक विषयवस्तुमा व्यापक पुनर्विचार गर्नु नै आजको प्रमुख आवश्यकता देखिन्छ ।

## नेपालमा शिक्षाको विकासक्रम

नेपालमा सर्वसाधारणका लागि सार्वजनिक शिक्षाको औपचारिक सुरुवात सन् १९५१ को प्रजातन्त्रको आगमनसँगै भएको हो । यो सुरुवात हुँदै गर्दा लगभग ३०० विद्यालयहरु थिए । सन् १९७१ को शिक्षा ऐन लागू भएसँगै राष्ट्रिय शैक्षिक कार्यक्रमअन्तर्गत नेपालमा रहेका निजी विद्यालयहरुको राष्ट्रियकरण सुरु भई यो क्रम सन् १९८० सम्म चल्यो । राजनैतिक दवाब, विद्यार्थी आन्दोलन र सरकारको असमर्थताका कारण, शिक्षा ऐन संशोधन भई पुनः निजी विद्यालयहरु खोल्न पाउने अनुमति प्रदान गर्ने व्यवस्था आयो, जसले गर्दा सहर केन्द्रित निजी विद्यालयहरु खुल्दै गए भने गाउँ गाउँमा सरकारी विद्यालयहरुको स्थापनाको क्रम रहिरह्यो । सार्वजनिक विद्यालयको सुधारका लागि शिक्षा मन्त्रालय अन्तर्गत शिक्षा विभागको स्थापना गरियो, जसको मातहतमा रहेर ५ विकाश क्षेत्रमा क्षेत्रीय शिक्षा निर्देशनालय र ७५ जिल्लामा जिल्ला शिक्षा कार्यालयको स्थापना भयो ।

औपचारिक शिक्षाको पछिल्लो ६ दशक हेर्ने हो भने, सन् २०१६ सम्म आइपुग्दा करीब ३५,००० भन्दा बढी विद्यालय स्थापना भए र संचालनमा आए, तर गुणस्तर र नतिजा भने सन्तोषजनक हुन सकेन । औपचारिक शिक्षाको सुधार, गुणस्तरमा वृद्धि, नीतिगत तथा रणनीतिक सुधारका लागि भन्दै नेपाल सरकारले विभिन्न दात्री निकायहरुसँग मिलेर कैयौं कार्यक्रम ल्यायो र निकै रकम खर्च पनि गर्यो, तर नतिजा भने प्रस्ट रूपमा देखिन सकेको छैन ।

## नेपाल सरकारले सार्वजनिक शिक्षामा सुधारका लागि ल्याएका कार्यक्रम

नेपाल सरकारले विभिन्न समयमा ल्याएको शिक्षाको सुधार र गुणस्तर अभिवृद्धिका कार्यक्रम :

| कार्यक्रम | उदेश्य | स्रोत/लगानी | रकम (ने.रु.) | वर्ष (सन्) |
|---|---|---|---|---|
| सबैका लागि शिक्षा | - बालबालिकाका लागि शिक्षामा पहुँच बढाउने<br>- गुणस्तरीय शिक्षा प्रदान गर्ने<br>- संस्थागत क्षमता अभिवृद्धि गर्ने | नेपाल सरकार तथा दातृ सहयोग | ६०.४ अर्ब | २००४-२००९ |
| विद्यालय क्षेत्र सुधार | - आधारभूत शिक्षाको जग बसाल्ने<br>- बालबालिकाको सम्पूर्ण विकासको प्रबर्धन गर्ने | नेपाल सरकार तथा दातृ सहयोग | २०३ अर्ब | २००९-२०१३ |
| माध्यमिक शिक्षा सहयोग | - माध्यमिक शिक्षाको गुणस्तर र सान्दर्भिकता सुधार गर्ने<br>- माध्यमिक शिक्षामा बालबालिकाको पहुँच बढाउने<br>- योजना र व्यवस्थापनको विकेन्द्रीकरण गर्ने | नेपाल सरकार, एसियाली विकास बैंकको ऋण तथा सहायता | ५.६१ अर्ब | २००३-२००९ |

| | | | | |
|---|---|---|---|---|
| शिक्षाका लागि खाना | - बालबालिकाका लागि दिवा खाजा प्रदान गर्ने | नेपाल सरकार र विश्व खाद्य संगठन | १७.५ अर्ब | २००२-२००९ |
| शिक्षक शिक्षा | - प्राथमिक शिक्षा सुधार गर्ने<br>- संस्थागत क्षमता वृद्धि गर्ने<br>- पाठ्य सामग्री तयार गर्ने | नेपाल सरकार र एसियाली विकास बैंक ऋण | १.८८ अर्ब | २००२-२००९ |
| विद्यालय क्षेत्र विकास योजना | - विद्याल शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच र गुणस्तरमा सुधार ल्याउने | नेपाल सरकार एसियाली विकास बैंक, विदेशी मामिला तथा व्यापार विभाग अस्ट्रेलिया सरकार, यूरोपियन युनियन तथा अन्य | १११० अर्ब | २०१६/१७ - २०२२/२३ |


*स्रोतः शिक्षा मन्त्रालयका विभिन्न प्रकाशन*

## बजेटमा शिक्षा

शिक्षाका लागि सरकारले हरेक वर्ष बजेटको ठूलो हिस्सा लगानी गर्दै आइरहेको छ। सरकारले लगानी गरेको शैक्षिक बजेटको पछिल्लो १० वर्षको तथ्यांक हेर्ने हो भने प्रमुख हिस्सा नै शिक्षा क्षेत्र हुन आउँछ। सरकारले सबैभन्दा बढि खर्च गर्ने क्षेत्र भएकाले र कसैको निजी नभएर सम्पूर्ण नेपाली करदाताको लगानी यसमा भएकाले हरेक वर्ष सार्वजनिक शिक्षामा हुने लगानीको गहन समीक्षा हुन आवश्यक छ।

नेपालको सार्वजनिक शिक्षामा बजेटको हिस्सा

| क्र.सं. | वर्ष | शिक्षा बजेट (रु. हजारमा ) | बजेटको हिस्सा % |
|---|---|---|---|
| १ | २००८/०९ | ३,९०,८६,४०७ | १६.८० |
| २ | २००९/१० | ४,६६,१६,६७२ | १६.५६ |
| ३ | २०१०/११ | ५,७८,२७,५४२ | १६.३० |
| ४ | २०११/१२ | ६,३९,१८,८३९ | १७.११ |
| ५ | २०१२/१३ | ६,३४,३१,३९७ | १५.६७ |
| ६ | २०१३/१४ | ८,०९,५८,०८० | १५.६५ |
| ७ | २०१४/१५ | ८,६०,३४,०५५ | १३.९२ |
| ८ | २०१५/१६ | ९,८६,४२,८२६ | १२.०४ |
| ९ | २०१६/१७ | ११,६३,६०,६४९ | ११.०९ |
| १० | २०१७/१८ | १२,७१,९९,४२५ | १०.६४ |




*स्रोतः शिक्षा मन्त्रालय, नेपाल सरकार*

आधारभूत शिक्षा बजेटः भर्ना र प्रति विद्यार्थी लागत

| वर्ष | कुल शिक्षा बजेट | आधारभूत शिक्षामा बजेटको % | आधारभूत शिक्षा बजेट | आधारभूत तहमा भर्ना | आधारभूत तहको प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|---|
| २०११/१२ | ६३,९१,८८३,९,००० | ७२ | ४६,०२,१५,६४,०८० | ५८,०२,५११ | ७,९३१.३१८७१४ |
| २०१२/१३ | ६३,४३,१३,९७,००० | ७३ | ४६,३०,४९,१९,८१० | ५६,५८,३२६ | ८,१८३.५०१५८९ |
| १०२३/१४ | ८०,९५,८०,८०,००० | ७४ | ५९,९०,८९,७९,२०० | ५४,२२,६१६ | ११,०४७.९८४८१ |
| २०१४/१५ | ८६,०३,४०,५५,००० | ७४ | ६३,६६,५२,००,७०० | ५२,६८,७०१ | १२,०८३.६६१७४ |
| २०१५/१६ | ९८,६४,२८,२६,००० | ७५ | ७३,९८,२१,१९,५०० | ५२,०९,८९८ | १४,२००.३००९५ |
| २०१६/१७ | १,१६,३६,०६,४९,००० | ७६ | ८८,४३,४०,९३,२४० | ४९,९०,०९५ | १७,७२१.९२५७८ |

*स्रोतः रातो किताबः २०११/१२ - २०१६/१७ र नेपाल शिक्षा लेखाः २०१६*


बितेको ५ वर्षमा नेपालको सामुदायिक विद्यालयमा प्रति विद्यार्थी लागत झण्डै १२३.४४५ ले वृद्धि भएको छ । त्यति मात्रै हैन, माथि प्रस्तुत गरिएको तालिकामा नेपाल सरकारले लगानी गरेका खर्चहरू मात्रै समावेश गरिएको छ । सामुदायिक विद्यालयहरूको खर्चको ठूलो भाग गैर सरकारी संस्था र अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, घरपरिवारजस्ता अन्य विभिन्न लगानीका स्रोत र अन्य आन्तरिक स्रोतहरूले व्यहोर्दछन् । यी सबै थप स्रोतका साथै विद्यालय सम्बन्धी सामग्री र सेवाहरू खरिद गर्न परिवारले गरेको खर्चले प्रति विद्यार्थी लागत उल्लेखनीय रूपमा वृद्धि हुन्छ ।

## प्रवेशिका परीक्षाको नतिजा

हरेक वर्ष करदाताले तिरेको करको प्रमुख हिस्साका रूपमा सार्वजनिक शिक्षामा भएको खर्चको रकमसँगै बालबालिका विद्यालय उतिर्ण हुने नतिजा हेर्ने हो भने, बजेटको रकम बालुवामा पानी खन्याएसरि भइरहेको छ ।

सार्वजनिक तथा निजी विद्यालयहरुको प्रवेशिका परीक्षाको नतिजा

| वर्ष | उतिर्ण दर (%) | सार्वजनिक विद्यालयको उतिर्ण दर | निजी विद्यालयको उतिर्ण दर |
|---|---|---|---|
| २००५ | ३८.७२ | २८.९१ | ८१.८३ |
| २००६ | ४६.५१ | ३६.४५ | ८६.१३ |
| २००७ | ५८.६४ | ५१.२६ | ९०.३९ |
| २००८ | ६३.७३ | ५७.४० | ८९.८० |
| २००९ | ६८.४७ | ६३.६४ | ९०.८३ |
| २०१० | ६४.९५ | ५८.५४ | ९२.४९ |
| २०११ | ५५.९५ | ४७.०२ | ९०.०५ |
| २०१२ | ४७.६५ | ३६.८७ | ८५.७७ |
| २०१३ | ४१.८७ | २८.४२ | ८७.०३ |
| २०१४ | ४४.३२ | २९.७६ | ८९.०६ |




*स्रोतः तथ्यांक, परिक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुर*

## प्रति विद्यार्थी खर्च

हामीकहाँ निजी विद्यालय शिक्षाको महँगो विकल्प हो भन्ने आम बुझाइ छ । यसै सिलसिलामा २०१७ मा समृद्धि फाउण्डेशनले झापाका केही सार्वजनिक तथा निजी विद्यालयहरुमा एउटा अध्ययन गर्यो । यस्ता विद्यालयहरूमा सर्वेक्षण गर्दा यस्ता सामुदायिक विद्यालयहरूको वार्षिक खर्चको ६५ प्रतिशत सरकारी बजेटबाट र बाँकी अन्य स्रोतहरूबाट जुट्ने गरेको पाइयो । यसरी हुने खर्चलाई अनुसन्धानकर्ताहरूले विद्यालयको प्रदर्शनीसँग दाँजे ।

सार्वजनिक तथा निजी विद्यालयमा प्रति विद्यार्थी खर्च

| | सार्वजनिक विद्यालय | | | संस्थागत (निजी) विद्यालय |
|---|---|---|---|---|
| वर्ष | सामान्य प्रति विद्यार्थी खर्च (ने. रु.) | टिकाइका आधारमा प्रति विद्यार्थी खच (ने. रु.) | परिणाममा आधारित प्रति विद्यार्थी खच (ने. रु.) | सामान्य प्रति विद्यार्थी खर्च (ने.रु.) |
| २०१२/२०१३ | १०,२२६ | १५,३६५ | १७,३४८ | २२,८०० |
| २०१३/२०१४ | १२,०७४ | १७,९२७ | २१,५०६ | २४,६२२ |
| २०१४/२०१५ | १३,०७० | २१,०२८ | २३,५७३ | २,६०० |
| २०१५/२०१६ | १६,०९७ | २५,७९९ | २७,८८३ | २८,३९२ |

*स्रोत: सार्वजनिक शिक्षाको लागत, आधारभूत शिक्षाको मूल्यांकन, समृद्धि फाउण्डेशन, २०१७*


शैक्षिक सत्रको शुरुवातमा भर्ना भएको विद्यार्थी संख्याका आधारमा यी विद्यालयहरुमा प्रति विद्यार्थी १६,०९७ रुपैंया लागत रहेको पाइयो । यी विद्यार्थीमध्ये ६२ प्रतिशत विद्यार्थी मात्र शैक्षिक सत्रको अन्त्यसम्म टिक्ने गरेको देखिन्छ । यो भनेको अब प्रति विद्यार्थी लागत हिसाब गर्दा रु. २५,७९९ हुने भयो । यसमध्ये पनि ५८ प्रतिशत विद्यार्थी मात्र उतिर्ण हुने गरेको देखिन्छ, जुन फेरि प्रति वर्ष २७,८८३ रुपैंया प्रति विद्यार्थीको लागत हो ।

यो रकम औषत निजी विद्यालयको वार्षिक शुल्क रु २८,३९२ सँग झण्डै-झण्डै बराबरको प्रति विद्यार्थी लागत हो ।

अब एकातर्फ महँगो मानिने निजी विद्यालय र अर्कातर्फ उति नै महँगो सामुदायिक शिक्षा । निःशुल्क भनिने सार्वजनिक शिक्षा र महँगो भनिने निजी विद्यालयहरुको वार्षिक विद्यार्थी खर्च हेर्ने हो भने खासै अन्तर छैन । सार्वजनिक र निजी विद्यालयहरुको पछिल्लो १० वर्षको प्रवेशिका परिक्षाको नतिजा हेर्ने हो भने, निजी विद्यालयको विद्यार्थी उतिर्ण दर राम्रो छ ।

यी आँकडाहरूको आधारमा निजी विद्यालय नै सामुदायिक भन्दा राम्रा छन् भनेर किटानका साथ भन्न नसकिए पनि यसले के अवस्य दर्शाउँछ भने, निजी विद्यालयले आफूसँग भएका स्रोत-साधनको कुशल प्रयोग गरी राम्रो शिक्षा दिइरहेका छन् र यस्ता विद्यालयहरूमा लगानीको प्रतिफल उच्चतम रहेको छ । यस कारण सामुदायिक विद्यालयले यस्ता निजी विद्यालयहरूबाट केही सिक्न सक्छन् ।

## प्रति विद्यार्थी लागत (सामुदायिक विद्यालय*) - २०१५/१६




**रु. १,४१,५०,९७,००४**

| नयाँ भर्ना | प्रतिधारण | उत्तिर्ण |
|---|---|---|
| ८,७९१ | ५,४८५ | ५,०७५ |
|  |  |  |
| रु. १६,०९७/विद्यार्थी | रु. २५,७९९/विद्यार्थी | रु. २७,८८३/विद्यार्थी |

प्रति विद्यार्थी लागत (उत्तिर्ण)

रु. २७,८८३



*झापाका सामुदायिक विद्यालयहरूमा सर्वेक्षण गरिएको

www.samriddhi.org

# सार्वजनिक शिक्षा र सामुदायिक विद्यालयहरूले सामना गरिरहेका चुनौतीहरु

सार्वजनिक शिक्षाका समस्याहरु प्रस्ट देखिँदै आएको र समाधानका लागि पर्याप्त प्रयास हुँदै गर्दा पनि नेपालमा लागू भएका नीति तथा कार्यक्रमहरु अपेक्षित नतिजा हासिल गर्न नसक्नुका पछाडि धेरै कारणहरू छन् ।

## १.केन्द्रिकृत शिक्षक भर्ती तथा केन्द्रकै लागानीः

नेपालमा सामुदायिक विद्यालहरूमा शिक्षककहरूको दरवन्दी शिक्षा मन्त्रालयसँगको समन्वयमा शिक्षक सेवा आयागद्वारा पूर्ति हुन्छ ।

शिक्षकको जागिर तथा शिक्षण अनुमति, बढुवा तथा स्थायी गर्ने काम पनि केन्द्रबाटै हुन्छ । यसरी भर्ती भएका शिक्षककहरूले स्थायी भैसकेपछि राज्यले प्रदान गर्ने सम्पूर्ण सेवा सुविधा प्राप्त गर्छन । सरकारी शिक्षकको तलब-भत्ता तथा सुविधामा शिक्षकको क्षमता तथा उपलब्धिमा केही फरक पर्दैन । त्यसैले विद्यार्थी तथा विद्यालयप्रति उनीहरुको जवादेहिता कम हुने देखिन्छ ।

जामुनबारी, झापाको सरस्वती माध्यमिक विद्यालयले जोखिम मो लेर एउटा पहल गरेको पाइयो । एकातिर गरीब परिवारको भएर पनि केही ब्राह्मण तथा क्षेत्री परिवारका विद्यार्थीले सरकारी छात्रवृत्ति नपाउने, भने अर्कातिर शैक्षिक सामग्री, पोशाक र स्टेशनरीका लागि ठूलो संख्यामा दलित, सिमान्तकृत र छात्रछात्रा समूहहरूले नगद छात्रवृत्ति पाउने । तर केहि त्यस्ता परिवारमा भने त्यस्तो रकम घरायसी खर्चमा समेत प्रयोग हुने पाइने गरेको छ । यस्तो अवस्थामा विद्यालयले सबै छात्र-छात्राले सहयोग पाऊन् भन्ने नियतले आफैले छात्रवृत्तिको रकम परिचालन गर्यो । सोही कोष प्रयोग गरेर उनीहरूले सबैका लागि पोशाक पनि ल्याए ।

राम्रो नियतका साथ विद्यालयले गरेको यो कार्यबारे एक स्थानीय पत्रिकाले समाचार प्रकाशित नगरेसम्म विद्यालय ६ वर्षसम्म यसरी नै संचालन भयो । यद्यपि, शिक्षा विभागले यसबारे जानकारी पाएपछि सरकारले तोके बमोजिम नै छात्रवृत्तिको नगद बाँड्न आदेश भयो र स्थानीय परिस्थितिअनुसार चलिरहेको एक असल कार्यक्रम बन्द हुन पुग्यो ।

## २. शिक्षक नियुक्तिको माग र आपूर्तिको मेल नहुनुः

अधिकांश सामुदायिक विद्यालयको स्तरोन्नती हुँदा शिक्षक नियुक्तिको माग र आपूर्तिमा तालमेल नमिल्नु धेरै सामुदायिक विद्यालयको साझा समस्या रहेको देखिन्छ । उच्च शिक्षाको माग पूरा गर्न प्राथमिक (कक्षा ५ सम्म) बाट निम्न माध्यमिक तह (कक्षा ८ सम्म) मा स्तरोन्नती गरेका अधिकांश विद्यालयले सरकारबाट पर्याप्त रूपमा शिक्षक नपाउँदा करारका आधारमा आफै शिक्षक नियुक्ति गर्छन् । तर सरकारले आफैले उपलब्ध नगराएको शिक्षकका लागि बजेट पनि विनियोजन गरेको हुँदैन । त्यसैले यस्ता शिक्षकलाई पारिश्रमिक दिन यस्ता विद्यालयहरू अभिभावकसँग रकम संकलन गर्न वाध्य हुन्छन् ।

अनुमति दिने र सहमती अभिव्यक्त गर्ने कार्यबीचको भिन्नता भित्र शिक्षक नियुक्तिको माग र आपूर्तिको मेल नहुने समस्याको धेरै कारणमध्ये एकको स्रोत लुकेको छ । स्तरोन्नतीको समयमा, उच्च तहका कक्षाहरू सञ्चालन गर्नलाई विद्यालयले जिल्ला शिक्षा कार्यालयसँग अनुमति माग्ने गर्छन् । अनुमति लिने प्रकृयामा, जिल्ला शिक्षा कार्यालयले त्यस्ता विद्यालयहरूमा तुरुन्तै शिक्षक नियुक्त गर्न नसक्ने ती विद्यालयहरूलाई जानकारी हुन्छ र त्यसैले छोटो समयका लागि विद्यालय आफैले शिक्षकको व्यवस्था गर्ने बुझाई हुन्छ । जिल्ला शिक्षा कार्यालयले मध्यावधीमा शिक्षक नियुक्त गर्ने विद्यालयहरूले अपेक्षा गर्दछन् । यद्यपि, शिक्षकहरूको पर्याप्त संख्याको अभावका कारण, जिल्ला शिक्षा कार्यालयले उनीहरूलाई सहयोग गर्न सक्दैन ।

जिल्ला शिक्षा कार्यालयले सामुदायिक विद्यालयहरूलाई सहयोग नगर्दा यस्तो परिस्थिति सिर्जना भएको भनी केहीले यसको भन्ने गर्छन् । यद्यपि जिल्ला शिक्षा कार्यालयको कथा भने बेग्लै छ । अनुमति दिने र सहमति अभिव्यक्त गर्ने कार्यबीचको भिन्नताभित्र रहस्य लुकेको छ । स्तरोन्नतीको समयमा उच्च तहका कक्षाहरू सञ्चालन गर्न विद्यालयले जिल्ला शिक्षा कार्यालयसँग अनुमति माग्ने गर्छन् । अनुमति लिने प्रकृयामा जिल्ला शिक्षा कार्यालयले त्यस्ता विद्यालयहरूमा तुरुन्तै शिक्षक नियुक्त गर्न नसक्ने ती विद्यालयहरूलाई जानकारी हुन्छ र त्यसैले छोटो समयका लागि विद्यालय आफैले शिक्षकको व्यवस्था गर्ने बुझाइ हुन्छ । जिल्ला शिक्षा कार्यालयले मध्यावधिमा शिक्षक नियुक्त गर्ने विद्यालयहरूले अपेक्षा गर्दछन् । यद्यपि शिक्षकहरूको पर्याप्त संख्याको अभावका कारण जिल्ला शिक्षा कार्यालयले उनीहरूलाई सहयोग गर्न सक्दैन ।

## ३. शिक्षक र विद्यालयको दीर्घकालीन उद्देश्य नमिल्नुः

यस बाहेक, नीजी रूपमा शिक्षक व्यवस्थापन गर्नाले प्रतिबद्धताको समस्या निम्त्याउँछ । यी शिक्षकहरूलाई स्थायी आधारमा नियुक्त नगरिएकाले उनीहरू सधैं थप स्थायी आम्दानी गर्ने रोजगारको खोजीमा हुन्छन् । त्यसैले उनीहरू राम्रो अवसर पाउनासाथ विद्यालय छाडेर जान्छन् । यस्ता शिक्षकहरूले शैक्षिक सत्रको बीचमै विद्यालयको काम छोड्दा कठिन परिस्थितिको सामना गर्नुपरेको धेरै विद्यालयहरूको अनुभव छ । रिक्त पद पुर्ति गर्नुपर्ने भएकाले यसले विद्यालय र विद्यालय व्यवस्थापन समितिको भार थप गर्ने मात्रै नभएर विद्यार्थीको शिक्षामा समेत नकारात्मक प्रभाव पार्दछ ।

## ४. शिक्षक संगठनः

सम्पूर्ण शिक्षकको पेसागत हक हितका लागि शिक्षकहरूले युनियन खोल्ने अधिकार शिक्षा ऐनले दिएको छ । तर नेपालका विभिन्न शिक्षक संगठनहरुको राजनैतिक आबद्धता देखिँदै आएको छ। शिक्षकहरू आफ्नो पेशागत संगठनमा रहेर पनि राजनीतिक रूपमा सक्रिय रहेको तथा कुनै पार्टीमा आवद्ध रहेर राजनैतिक क्रियाकलापमा संलग्न भएको प्रसस्तै उदाहरण छन् । यस्ता कार्यहरूले शिक्षकहरूको ध्यान बालबालिकाको शिक्षामा भन्दा व्यक्तिगत लाभमा प्रेरित भएको प्रष्ट हुन्छ । विद्यालयमा शिक्षकहरूले विभिन्न संगठन बनाएर राजनीति गर्न खोजेको भन्ने पनि यदाकदा सुन्नमा आउँछ । पछिल्लो दशकमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घमा राजनैतिक आस्था तथा व्यक्तिगत स्वार्थ पूर्ति गर्न राजनीतिक पार्टीको भागबन्डा तथा भवन निर्माण र अन्य खरिद बिक्री प्रक्रियामा भ्रष्टाचारका प्रसस्त उदाहरण देखिएकै छन् ।

## ५. दण्ड र पुरस्कारको व्यवस्था अभावः

विद्यार्थीहरूका लागि जस्तै शिक्षकहरूका लागि पनि राम्रो नतिजा ल्याएको खण्डमा पुरस्कृत तथा प्रोत्साहन र खराब नतिजा ल्याउँदा दण्ड सजाय हुने व्यवस्था नभएले अभिभावक तथा शिक्षकहरूको बालबालिकाको शिक्षा प्रतिको चासो कम भएको देखिन्छ ।

## ६. विद्यालय र अभिभावकको सरोकारबीच भिन्नताः

संविधानले निःशुल्क आधारभूत शिक्षालाई मौलिक अधिकारका रूपमा स्थापित गरेको र सार्वजनिक शिक्षामा सरकारले ठूलो लगानी विनियोजन गरेको तथ्यले धेरै अभिभावकहरू उनीहरूको बालबालिकाको शिक्षामा लगानी गर्ने र ततसम्बन्धी मामिलाहरू व्यवस्थापन गर्ने जिम्मेवारी सरकारको भएको विश्वास गर्दछन् । बालबालिकाको शिक्षाको ख्याल राख्नु सरकारको जिम्मेवारी सम्झेर निमन्त्रणा गरिए पनि अभिभावकहरू

थुप्रै सामुदायिक विद्यालयहरूले परीक्षाको समयमा सन्ध्याकालिन कोचिङ कक्षाहरू सञ्चालन गर्ने गर्छन् । यो विद्यालयको दिवा कार्यक्रम नभएकोले अभिभावकले आफ्ना बालबालिकालाई कोचिङ कक्षाहरूमा सहभागी गराउन चाहे मासिक रूपमा थप रकम बुझाउनु पर्छ । यस्ता विद्यालयहरूमा अभिभावकहरूले आफ्ना बालबालिकाको शिक्षामा प्रत्यक्ष योगदान पुऱ्याईरहेकाले आफ्ना बालबालिकाको प्रदर्शनीप्रति उनीहरू बढि चासो राख्छन् । यसबाहेक, आफ्नो खल्तीबाट पैसा तिर्नुपर्दा उनीहरूले विद्यालयहरूलाई उत्तरदायी र जवाफदेही बनाउँछन् । परिणाम स्वरूप शिक्षाको गुणस्तर सुधार्न विद्यालय र शिक्षकहरूलाई दबाव पर्न जान्छ ।

विद्यालय व्यवस्थापन समितिका बैठकमा अनुपस्थित हुने गरेको धेरै विद्यालयहरू बताउँछन् । धेरै मामिलाहरूमा यसले विद्यालय, अभिभावक र उनीहरूको बालबालिकाको शिक्षाबीचको सम्बन्ध तोडेको छ ।

केही सामुदायिक विद्यालयहरू भने अभिभावकलाई बालबालिकाको शिक्षाको लगानीमा संलग्न गराएर विद्यालय र अभिभावकको सरोकारबीच भिन्नताको समस्याको हल गर्न सफल भाएका छन् । थुप्रै सामुदायिक विद्यालयहरूले परीक्षाको समयमा सन्ध्याकालीन कोचिङ कक्षाहरू सञ्चालन गर्नु यसको एउटा उदाहरण हो । यो विद्यालयको दिवा कार्यक्रम नभएकोले, अभिभावकले आफ्ना बालबालिकालाई कोचिङ कक्षाहरूमा सहभागी गराउन चाहे मासिक रूपमा थप रकम बुझाउनु पर्छ । यस्ता विद्यालयहरूमा अभिभावकहरूले आफ्ना बालबालिकाको शिक्षामा प्रत्यक्ष योगदान पुऱ्याईरहेकाले आफ्ना बालबालिकाको प्रदर्शनीप्रति उनीहरू बढी चासो राख्छन् । यस बाहेक, आफ्नो खल्तीबाट पैसा तिर्नुपर्दा उनीहरूले विद्यालयहरूलाई थप उत्तरदायी र जवाफदेही बनाउँछन् । जसको परिणाम स्वरूप शिक्षाको गुणस्तर सुधार्न विद्यालय र शिक्षकहरूलाई दबाव पर्न जान्छ ।

७. अन्य:

शिक्षाका प्रमुख साझेदारहरुसँगको विचार-विमर्श तथा बहसमा कमी, अशिक्षा र गरीबीले चेतना स्तरमा कमी तथा भौगोलिक विकटताले नीति नियमको पर्याप्त प्रचार प्रसार नहुनु, आम नेपाली तथा दूरदराजका जनताको आवाज, मनोभावना तथा समस्यालाई कदर नगर्नु, गाउँ-गाउँको सत्य तथ्य बारे अवगत नहुनु तथा केन्द्रिकृत व्यवस्थाले गर्दा निर्णय प्रक्रियामा केवल उच्च पदस्थ व्यक्तिहरूको हालीमुहालीले गर्दा शिक्षाका धेरै योजना तथा कार्यक्रम असफल भएका छन् ।

निजी विद्यालयमा विद्यार्थीको सम्पूर्ण शुल्क अभिभावकहरूले आफै तिर्ने हुँदा बालबालिकाको शिक्षामा बढि चासो र अपनत्व महसुस गरेको प्रस्टै देख्न सकिन्छ तर सार्वजनिक शिक्षामा सरकारको लगानी भन्ने बुझेर अभिभावकले खासै महत्व नदिएका पनि हुन सक्छन् ।

## सार्वजनिक शिक्षा सुधारका केही विकल्प

सामुदायिक विद्यालयहरूको शैक्षिक परिणाममा सुधार ल्याउन सार्वजनिक शिक्षा प्रणालीमा सुधार ल्याउने यो उर्वर समय हो । परिणामहरुमा सुधार गर्न सके शिक्षाको लागत घटाउन सकिन्छ । सार्वजनिक शिक्षामा संरचनागत परिवर्तन ल्याउनु आजको प्रमुख उद्देश्य हो ।

१. संघीयताले ल्याएको नयाँ अवसरः

संविधानले आधारभूत तथा माध्यमिक शिक्षाको सम्पूर्ण अधिकार स्थानीय तहको सरकारलाई प्रदान गरेको छ। स्थानीय तहमा जन निर्वाचित स्थानीय जनप्रतिनिधि छन् जसले आफ्नो स्थानीय स्तरका सम्पूर्ण चुनौती र अवसरलाई बुझेका छन् । जनताका नजिक रहेका जनप्रतिनिधिलाई उचित राय सल्लाह दिने मतदाता पनि सँगै भएकाले यो अवसरमा सार्वजनिक शिक्षाको स्तरोन्नति र गुणस्तर वृद्धिका लागि गर्नुपर्ने सम्पूर्ण उपायहरु लागू गर्न अब कुनै केन्द्रिय स्तरको नीति निर्मातालाई दोष दिनु पर्दैन । अब हरेक स्थानीय तहले आफ्नो इच्छा र आवश्यकता अनुसार नीति नियम बनाई काम गर्न सक्छन् ।

२. शिक्षा भत्ताः

राज्यद्वारा प्रदान गरिने प्रति विद्यार्थी लागत बराबरको शुल्क प्रत्येक बालबालिका (अथवा तिनका अभिभावक) लाई शिक्षा भत्ताका रूपमा प्रदान गर्न सकिन्छ ।  यस्तो भत्ताको प्रयोग कुनै पनि अभिभावकले आफूले रोजेको वा चाहेको विद्यालयमा मासिक शुल्कका रूपमा मात्र तिर्न सक्छ । यस्तो व्यवस्थालेअभिभावकलाई आफुले चाहेको निजी वा सार्वजनिक विद्यालय रोजेर पढाउन अवसर मिल्छ । अतः यसले गर्दा राम्रा र गुणस्तरीय विद्यालयमा धेरै विद्यार्थी भर्ना हुँदै जान्छन् भने, नराम्रो प्रदर्शनी गर्ने विद्यालयले आफूलाई सुधार गर्दै लैजानुको विकल्प हुँदैन । आज संसारका विभिन्न मूलुकहरूमा यस्तो शिक्षा भत्ता प्रणाली सफलताका साथ लागू भइरहेको देख्न सकिन्छ ।

३. व्यवस्थापनको कुराः

कुनै व्यक्ति, समूह वा समुदायले कुनै विद्यालयलाई गुणस्तरीय तरिकाले सरकारबाट करारको रूपमा सञ्चालन गर्ने खालको व्यवस्था पनि आजको दिनमा थुप्रै देख्न सकिन्छ । विद्यालयको नतिजा तथा गुणस्तर मापन गर्ने प्रक्रिया बनाई निश्चित लक्ष्य पूरा गर्ने शर्तमा यसरी विद्यालय सञ्चालन गर्न सकिन्छ ।

४. सार्वजनिक निजी साझेदारीः


सरकार तथा निजी क्षेत्र दुवैको संलग्नतामा, आर्थिक लगानी सरकारको र व्यवस्थापन निजी क्षेत्रले जिम्मा लिने गरी विद्यालय सञ्चालन गर्न सकिन्छ । गुणस्तरीय शिक्षा प्रदान गर्न न्यून शुल्कमा राज्यले तय गरेको मापदण्डमा रही निजी क्षेत्रले शिक्षा प्रदान गर्न सम्भव छ ।

५. स्थानीय स्तरमा शिक्षक भर्तीः

स्थानीय स्तरमा आफूलाई चाहिने जनशक्ति आफै निर्धारण गरी आवश्यकता अनुसार करार तथा आंशिक वा स्थायी शिक्षकको पद पूर्ति गर्न सकिन्छ । यसले स्थानीय सरकारलाई जवाफदेही बनाउनुका साथै अनुगमन प्रणाली समेत बलियो बनाउन मद्धत गर्छ ।

६. नीति निर्माण प्रक्रियामा सबै साझेदारको संलग्नताः

नेपालमा नीति निर्माण प्रक्रियामा आम जनताको आवाज र मनोभावना कदर गर्न सार्वजनिक स्थानहरूमा बहस तथा छलफल निकै कम भएको देखिन्छ । यस्ता समस्याहरूको निराकरण गर्न आम जनता तथा सम्पूर्ण साझेदारको आवाजलाई आत्मसात् गर्ने गरी नीति निर्माण हुन जरूरी छ । जसले गर्दा आम जनतामा यस्ता नीति, योजना तथा कार्यक्रमहरू प्रति अपनत्वको सिर्जना हुन सक्छ ।


स्थानीय सरकारका आयस्रोत
अनुदान
वित्तिय समानीकरण अनुदान
सशर्त अनुदान
समपुरक अनुदान
विशेष अनुदान
सापटी
केन्द्रीय सरकारबाट ऋण
अन्य आन्तरीक ऋण
आन्तरिक स्रोत
कर
शुल्क
जरिवाना
www.samriddhi.org

## समृद्धि फाउण्डेशनः एक परिचय

समृद्धि फाउण्डेशन आर्थिक नीतिहरुमा अनुसन्धान तथा पैरवी गर्ने एक स्वतन्त्र, गैर राजनीतिक, नाफा वितरण नगर्ने शैक्षिक तथा अनुसन्धानमूलक संस्था हो । काठमाँडौ स्थित यस फाउण्डेशनले स्वतन्त्र र समृद्ध नेपाल निर्माणका लागि बजारव्यवस्था प्रर्वद्धन गर्ने व्याहवारिक सुधारहरुमा नीतिगत बहस चलाउँछ । लोकतान्त्रिक मूल्य तथा मान्यता प्रर्वद्धन र नेपालको आर्थिक वृद्धिका विषयमा सन् २००७ देखि सक्रिय भएर काम गर्दै आएको यस संस्थाले बजार प्रणाली र उद्यमशिलताको पक्षपोषण, शासनप्रणालीमा सुधार, तथा स्वतन्त्र समाजका मूल्यहरुको प्रर्वद्धनमा अनुसन्धान तथा प्रकाशन, शिक्षण तथा तालिम लगायत बहस, पैरवी र सार्वजनिक सहभागिताका कार्यक्रमहरु संचालन गर्दछ ।

नेपालको आर्थिक विकासका सन्दर्भमा हुने नीतिगत छलफल र बहसमा उद्यमी, राजनीतिज्ञ, व्यवसायी तथा प्रशासक वर्ग लगायत विभिन्न विषयका विज्ञहरुलाई संलग्न गराई नेपालको आर्थिक वृद्धिमा टेवा पुऱ्याउन प्रयासरत संस्थाका रुपमो समृद्धि फाउण्डेशन चिनिने गर्दछ । सन् २००८ देखि संचालन भईरहेको अर्थतन्त्र तथा उद्यमशीलतासम्बन्धी पाँच दिने आवासीय शैक्षिक कार्यक्रम “अर्थालय”, सफल उद्यमीहरुको सफलताको यात्राको बारे सुन्दै उनीहरुको अनुभवबाट सिक्ने मौका प्रदान गर्ने मासिक कार्यक्रम “उद्यमीसँग महिनाको अन्तिम बिहिबार”, आर्थिक वृद्धिलाई सम्भव बनाउन गरिनुपर्ने नीतिगत सुधारको वार्षिक एजेण्डा तयार गर्ने “नेपाल आर्थिक विकास एजेण्डा”, आदि यस संस्थाका केही महत्वपूर्ण र परिचित कार्यक्रमहरु हुन् । यसका साथै समृद्धि फाउण्डेशनले “गरी खान देऊ!” जस्तो अत्यन्त सफल राष्ट्रिय अभियानको सचिवालय पनि संचालन गर्दछ ।

थप जानकारीका लागिः

SAMRIDDHI
FOUNDATION


६६४–भिमसेनगोला मार्ग, (The Freedom House), भिमसेनगोला, काठमाडौं
फोनः (९७७ १) ४४६४६१६, ४४८४०१६ | फ्याक्सः ९७७ १ ४४८५३९१
ईमेलः info@samriddhi.org | वेबः www.samriddhi.org